# ३ शबाथ अर्थात् विश्रामबार र परमेश्वरको आराधना

*<u>यस अध्यायको निम्ति पढ्नुहोस्:</u>* प्रस्थान २०:११, व्यवस्था ५:१६, यशैया ४४:१५-२०, मत्ती ११:२८-३०, रोमी ६:१६-२३।

*<u>स्मरण गर्नुपर्ने पद:</u>* "आऔं, परमेश्वरको सामुन्ने सास्ताङ्ग दण्डवत गर्दै उहाँको उपासना गरौं। हाम्रा सृष्टिकर्ता परमेश्वरको सामु घुँडा टेकेर लम्पच्छार परौं। उहाँ हाम्रो परमेश्वर हुनुहुन्छ। उहाँको बगालका हामी भेँडाहरू हौं। हामी ती मानिसहरू हौं जसलाई उहाँले राम्रोसँग स्याहारसुसार गर्नुहुन्छ।" (भजन ९५:६,७)।

प्रकाश १४:६-१२मा उल्लेखित तिन स्वर्गदूतका निर्णायक घोषणा अत्यन्त महत्वपूर्ण मान्नुपर्छ। प्रथम स्वर्गदूतका महत्वपूर्ण विषय सृष्टि र मुक्ति हुन्। त्यसमा परमेश्वरलाई गर्नुपर्ने आराधना पनि समावेश गरिएको छ। त्यस प्रथम स्वर्गदूतले घोषणा गरेका अनन्तको सुसमाचार नै येशूमा पाउने मुक्तिको असल सन्देश हो। पापबाट पाउने क्षमा र त्यसमाथि बिजय पाउने दुवै तत्वहरू त्यस मुक्तिमा समावेश गरिएका छन्। येशूमा नयाँ जीवन र पवित्र अर्थात् दिनप्रतिदिन येशू जस्तै हुने प्रतिज्ञा त्यस सुसमाचारले दिइएको छ। मुक्ति र पापको दासत्वबाट अलग हुने आफै पनि पवित्र जीवनका प्रमुख भाग हुन् (यूहन्ना १७:१७, प्रेरित २०:३२, १ थेस्सोलोनी ५:२३)।

परमेश्वर नै हाम्रो सृष्टिकर्ता हुनुहुन्छ भनेर विषेश गरि सम्झना प्रथम स्वर्गदूतमा समावेश गरिएको छ। उहाँले नै हामीलाई र हामी रहने संसारलाई सृष्टि गर्नुभएको हो।

यसको अर्थ सृष्टि, मुक्ति र पवित्र धार्मिक जीवनका विषयहरू आराधनासँग गाँसिएका छन्। प्रकाश १४का घट्नाका प्रमूख भागका बिषयवस्तुहरू शबाथ अर्थात् पवित्र बिश्रामबारले छर्लङ्ग पारेका छन्। प्रकाश १४मा उल्लेखित प्रश्न हाम्रो सामु चुनौतिको रूपमा खडा भएका

छन्ः के हामीले सृष्टिकर्ता, मुक्तिदाता र पवित्र जीवन यापन गराउने परमेश्वरको आराधना तथा उपासना गर्छौं कि पशूरूपी सैतान र उसका मुर्तीको आराधना? प्रकाश १४:६-१२का पदहरूले अर्को तेस्रो अर्थात् मध्यम मार्गलाई बिकल्पको रूपमा खडा गरिएको छैन।

शबाथको आज्ञाको बारेमा हामी यस अध्यायमा हेर्नेछौं। सृष्टि, मुक्ति र पवित्र जीवन यापन गर्ने विषयवस्तुहरूलाई त्यस दिनले कसरी औंल्याउछन् भनेर अध्ययन गर्नेछौं। यस पवित्र तथा पुन्य दिनमा गरिने हाम्रो आराधनाको प्रमुख अनुभवमा ती तिन विषयवस्तुहरूलाई कसरी समावेश गर्ने भनेर यस अध्ययनको क्रममा सोच्न हामीलाई औंल्याउँदछन्।

## १. सृष्टि र पाप मोचनको कार्यः आराधनाको जग (प्रस्थान २०:११)

"शबाथ अर्थात् बिश्रामबारलाई याद गर्नु। त्यो दिनलाई पवित्र मानेर त्यसको पालना गर्नु" (प्रस्थान २०:८ रूपान्तरित))। "याद गर्नु" र "स्मरणीय" भन्ने शव्दहरू हिब्रू भाषाको जेडकेआर zkr शाव्दिक जराबाट आएका हुन्। जब परमेश्वरले "याद गर्नु" भनेर निर्देशन दिनुभयो तब उहाँले दुई महान् घट्नालाई मानिसहरूले किर्ति स्तम्भको रूपमा यसरी लिउन् भन्ने उहाँको चाहना थियोः एक स्मरणको आधार अर्को होउन्।

प्रस्थान २०:११ र व्यवस्था ५:१८ मा चौठो आज्ञा शबाथको बारेमा यसरी निर्देशन दिइएको छः "शबाथ दिन पवित्र मान्नुपर्छ भनी याद गर्नु। छ दिनसम्म परिश्रम गरेर आफ्ना सबै काम गर्नु, तर सातौं दिनचाहिँ परमप्रभु तिमीहरूका परमेश्वरको निम्ति शबाथ-दिन हो। त्यसमा तिमीहरूले केहि काम नगर्नु, न ता आफ्ना छोराले, न ता कमारा कमारीले, न गाइवस्तुले न मूल ढोकाभित्र भएको परदेशीले केहि काम गरोस्। किनकि छ दिनमा परमप्रभुले आकाश, पृथ्वी, समुद्र र तिनमा भएका सबै थोक बनाउनुभयो। तर सातौं दिनचाहिँ बिश्राम गर्नुभयो। त्यसकारण परमप्रभुले शबाथ दिनलाई आशिष् दिनुभयो र

त्यसलाई पवित्र गर्नुभयो। "यस पदहरूमा शबाथको बारेमा दुई कुराहरू उल्लेख गरेका छन्। ती के हुन् त? ती कुराहरू एक आपसमा कसरी सम्वन्धित छन्?

सृष्टिकर्ताको काम सम्हाल्नुभएको येशूको कार्यमा मुक्तिदाता र उद्धारकर्ता हुने काम पनि सिधै समावेश भएका थिए। प्रत्येक शबाथले येशूका ती दुई कामका भागहरूलाई औंल्याएका हुन्छन्। महिनापिच्छे वा बार्षिकपिच्छे होइन तर हप्तैपिच्छे। यसले शबाथको उपादेयिता र महत्वलाई स्पष्ट देखाउँछन्। जुन परमेश्वरले इस्रायलीहरूलाई मीश्र अर्थात् इजिप्त देशबाट स्वतन्त्र गर्नुभयो त्यहि परमेश्वरले हामीलाई योजनाबद्धरूपमा सृष्टि गर्नुभयो। हामीलाई पापको दासत्वबाट स्वतन्त्र बनाउने उहाँ नै हुनुहुन्छ।

येशू ख्रीष्ट सृष्टिकर्ता र उद्धारक हुनुहुन्छ भनेर दुई कामको सम्बन्धलाई पावलले स्पष्टरूपमा कलस्सी १:१३-२२मा कसरी औंल्याउँछन्?

बाइबलका सबै सत्यका आधार नै सृष्टि र उद्धार हुन्। ती दुई सत्य कत्तिको महत्वपूर्ण छ भनेर हामीले सम्झुन् भनेर शबाथ दिनलाई स्मारकको रूपमा हामीलाई परमेश्वरले दिनुभएको थियो र त्यसलाई पालन गर्नु भनेर हामीलाई निर्देशन दिनुभएको थियो। प्रथम शबाथ दिन मानिसले पाप गर्नुभन्दा अगावै अदनको बँगैचामा परमेश्वरले स्थापना गर्नभएको थियो। युगौंसम्म मानिसहरूले त्यस दिन पवित्र मानी परमेश्वरको उपासना गरेका थिए।

हप्तैपिच्छे सृष्टि र उद्धारको कार्य कत्तिको महत्वपूर्ण रहेछ भनेर हामीले सम्झुन् भनेर परमेश्वरले हामीलाई शबाथ दिन दिनुभएको छ। त्यसले ती दुई सत्य कत्तिको महत्वपूर्ण रहेछन् भनेर सोचौं। हाम्रो जीवनको सातभागको एक भागले ती सत्यलाई राम्ररी बुझुन् भनेर बिशेष दिन परमेश्वरले हाम्रो निम्ति छुट्याउनु भएको छ। तपाईंले शब्वथमा गर्ने आराधनाले येशू सृष्टिकर्ता र मुक्तिदाता हुनुहुन्छ भनेर कसरी

अनुभव गर्न सक्नुहुन्छ? के ती दुई सत्यलाई शबाथ दिनले अझ असल बुझाउन सहायता गरिरहेको छन् त?

## २. तपाईंको सृष्टिकर्तालाई याद गर्नु (यशैया ४०:२५,२६)

प्रख्यात वाक्यबाट यसरी बाइबल सुरू गरिएको छ, "आदिमा परमेश्वरले स्वर्ग र पृथ्वी सृष्टि गर्नुभयो।" "सृष्टि गरियो" भन्ने शव्द बारा *bara* भन्ने क्रियाशव्दबाट आएको हो। यो केवल परमेश्वरको क्रियाकलापलाई मात्र जनाउँछन्। मानव जातले भवनहरू निर्माण गर्न सक्दछन्, वस्तुहरू बनाउन सक्दछन्, सृजना गर्न सक्द छन् वा आविष्कार गर्न सक्दछन्। तर केवल परमेश्वरलेमात्र त्यो बारा *bara* गर्नसक्नुहुन्छ। समय, अन्तराल वा खाली स्थान्, अन्तरिक्ष, पदार्थ, उर्जा आदि सबै थोक जुन् यस भौतिक संसारमा छन् त्यो परमेश्वरले नै सृष्टि गर्नुभएको हो। ती सबै हामीले कुनै न कुनै रूपमा उपभोग गरिरहेका छौं। ती सबै परमेश्वरले बारा गर्नुभएको कारणले नै हो।

यो सबै कसरी सृष्टि गर्नुभयो सो रहस्यमय नै छ। पदार्थ आफैको बारेमा विज्ञानलाई सबै थाहा छैन। यस पृथ्वीका तत्व तथा पदार्थहरू कसरी सृष्टि भयो र त्यसले कसरी निरन्तरता पाइरहेका छन् भन्ने ज्ञानमा विज्ञानले अझ पूर्ण रूपमा बुझ्न सकेका छैनन्। तर ती सबैका श्रोत कहाँबाट भएको हो भन्ने कुरामा हामीले एक छिन पनि बिर्सनु हुन्न। "परमेश्वरको उर्दीले स्वर्गहरू स्थापित भएका हुन्.....उहाँले उच्चारण गर्नुभयो र पृथ्वीको अस्तित्व भयो। उहाँले आज्ञा गर्नुभयो र सृष्टि स्थिर भयो।"((भजन ३३:६, ९ रूपान्तरित।

जब कुनै योजना पूरा हुन्छ तब मानिसहरूले त्यसको उपलक्षमा खुसीयाली मनाउँछन्। उदाहरणमा जब हामी चर्च भवन निर्माण सम्पन्न गर्छौं तब हामी त्यसलाई परमेश्वरमा समर्पण गर्दछौं। त्यसरी नै जब परमेश्वरले यस संसारको सृष्टि सम्पन्न गर्नुभयो तब उहाँले उहाँको सृष्टीको सम्झनामा शबाथलाई बिशेष दिन भनी अलग राख्नुभयो।

देहायका पदहरूलाई तुल्नात्मक रूपमा पढ्नुहोस्: यशैया ४०:२५,२६, यशैया ४५:१२,१८, कलस्सी १:१६,१७ र हिब्रू १:२सँग यशैया ४४:१५-२० र यशैया ४६:५-७। यहाँ के भिन्नतालाई औँल्याइएका छन्?

जब सैतान र येशूको बीचमा महान् बिवाद तथा द्वन्द भयो तब त्यस परमशत्रु सैतानले यस संसारका मानिसहरूलाई परमेश्वरप्रति शङ्का गर्न उक्साउन प्रयास गरेका थिए। बाइबल र परमेश्वरको सृष्टिगर्ने शक्तिप्रति आत्मज्ञान नहुनेले हाम्रो अस्तित्वको बारेमा अनेकौं किसिमले व्याख्या गर्न खोजिरहेको पाउँछौं। हामी र यस पृथ्वीको सृष्टिको बारेमा तर्क गरी धेरै धारणाहरू प्रस्तुत गरेका छन्। ती धारणाहरूमा अत्यन्त प्रचलितचाहिँ बिकासबाद सिद्धान्त हो। प्रकृतिको प्रक्रियाबाट धेरै समय लगाएर मानिस र जीवन आएका छन् भनेर त्यस बिकासबाद सिद्धान्त अर्थात् थ्योरी अभ इभ्युल्युशनले सिकाउँदछन्। हामी केवल कम्प्यूटरका उत्पादन हौं भनेर हालसालै कसैले तर्क गरेका छन्। यसको अर्थ हामी साँच्चिकै बाचिरहेका छैनौं तर बाह्य जगतमा भएका कुनै अदृष्य जीवहरूले कम्प्यूटरलाई जस्तै हामीलाई नियन्त्रणमा राखिरहेकाछन्। परमेश्वरको बिकल्पमा ल्याएका संसारको सुरूवातको बारेमा गरिएका बिभिन्न तर्कहरू यशैयाले व्यक्त गरेका काठका देवताहरू जस्तै छन्।

यदि शबाथ दिन परमेश्वरले यस संसारलाई सृष्टि गर्नुभएको सम्झनामा हो भनेर विश्वास तथा आत्मसात गर्न सक्यौं भने मानिसहरूले आविष्कार गरेका सृष्टिको बारेमा गरेका बिभिन्न गलत तर्कहरूदेखि हामी कसरी सुरक्षित हुनसक्छौं? फेरि बिकासबाद जस्तै निष्ठुर प्रक्रियाले हामीलाई परमेश्वरले सृष्टि गर्नुभएको हो भने त्यस परमेश्वरको उपासना गर्ने के औचित्य छ र?

## ३. दासत्वबाट स्वतन्त्र (रोमी ६:१६-२३)

आराधनादेखि मुक्तिसम्म सृष्टिगर्ने महत्त्वपूर्ण बिषयबस्तुलाई शबाथले औँल्याउँदछन्। गहिरिएर हेऱ्यौं भने परमेश्वरलाई कसरी पूजा गर्ने र उहाँले हामीलाई कसरी मुक्ति दिनुहुन्छ भन्ने सुत्रहरू शबाथमा पाउँछौं। व्यवस्था ५:१५मा हामीलाई यो निर्देशन दिइएको छ: "तिमीहरू मीश्रदेशमा दासभएको सम्झ। तिमीहरूका परमेश्वरले आफ्नो बलियो हात र शक्तिशाली पाखुरा पसारेर तिमीहरूलाई मीश्र देशबाट

ल्याउनुभयो। त्यसकारण तिमीहरूले शबाथ दिनलाई पालना गर्नु।" (रूपान्तरित)। ती पदहरूले हामीलाई प्रकाश १४:६-१२मा उल्लेखित तिन स्वर्गदूतका आह्वानहरूलाई सम्झना गराउँदछन्। त्यस मध्ये प्रथम स्वर्गदुतको आह्वानमा उद्धार र मुक्तिको बारेमा महत्त्वपूर्ण बिषयलाई औंल्याएको पाउँछौं।

सारा इस्रायलीहरूलाई परमेश्वरले जुन रूपमा मीश्र देशबाट निकालेर ल्याउनुभयो, त्यो हाम्रो निम्ति उहाँले गर्नुहुने उद्धारको प्रतिक भएर खडा भएको हामी पाउँछौं। दासत्वको आगोमा भुतिएका राष्ट्र पलायन हुनुबाट रोक्न मीश्र देशका कुनै पनि देवीदेवताहरूमा शक्ति थिएन। इस्रायलका परमेश्वरले मात्र यस्तो शक्तिशाली तथा अदभूत् चमत्कार देखाउन सक्नु हुन्छ। उहाँको महान् र आँखै तिरमिराउने महिमामा उपस्थित भएर आफ्नो उद्धारको कार्य सम्पन्न गर्नसभएको थियो। इस्रायलका परमेश्वरले मात्र आफ्नो बलियो हात र शक्तिशाली पाखुरा पसारेर इस्रायललाई छुट्कारा दिनसक्नुहुन्छ (व्यवस्था ४:३५ रूपान्तरित)। यसरी उहाँको महान् शक्तिद्वारामात्रै हामीलाई पापबाट छुटकारा दिनुहुन्छ भनेर सम्झन इस्रायली र हामीहरूलाई शबाथ दिन परमेश्वरले दिनुभएको छ।

रोमी ६:१६-२३मा हामीलाई प्रतिज्ञाहरू दिइएका छन्, ती के हुन्? परमेश्वरले मीश्रदेशमा इस्रायलीहरूलाई के गर्नुभयो भन्ने सन्दर्भ औंल्याएर रोमी ६:१६-२३का प्रतिज्ञाहरूसँग सम्बन्ध कसरी जोडिएको छ?

पापको दासत्वबाट छुटकारा पाउन शक्तिशाली उद्धारकर्ताको आवश्यक छ भनेर नयाँ कराररले स्पष्ट रूपमा सिकाएको हामी पाउँछौं। इस्रायलका सन्तानलाई पनि त्यहि कुरो सिकाइएको थियो। मीश्र देशको दासत्वबाट छुटकारा दिन तिनीहरूलाई शक्तिशाली उद्धारकको आवश्यक थियो। ती इस्रायलका सन्तालाई चाहिने राहत तिनीहरूकै परमेश्वरमा थियो। हामी येशूभक्तहरूको निम्ति पनि पापबाट छुटकारा पाउन उहाँलाईं हाम्रो प्रभुमा नै पाउँछौं। जुन परमेश्वरले इस्रायलका सन्तानलाई मीश्र देशका चक्रवर्ती राजा फारोहको हातबाट दास हुनबाट फुट्काउनु भयो, त्यहि परमेश्वरले पापको दासत्वबाट पनि हामीलाई फुट्काउन सक्नुहुन्छ। यो आत्मज्ञान अत्यन्त अनपत्यारको छ।

परमेश्वरको आराधना वा उपासना के को लागि गर्ने भनेर हामी सोच्दछौं भने, हामीलाई पापको दासत्वबाट छुटकारा दिन उहाँले के गर्नुभयो, त्यसमा केन्द्रित भएर गर्नुपर्दछ। हाम्रो निम्ति उहाँले सैतानमाथि बिजय प्राप्त गर्नुभयो। त्यस सऱ्हानिय कामको प्रशंसा हामीले गर्नु आवश्यक छ। जब इस्रायलका सन्तानले फारोहको चक्रव्युहबाट छुटकारा पाए तब तिनीहरूले उच्चकोटीको गीत गाएर परमेश्वरको प्रशंसा गरेका थिए। (हेर्नुहोस्, प्रस्थान १५)। त्यसरी नै हामीले पनि जब शबाथ दिनमा परमेश्वरको आराधना गर्न आउँछौं तब उहाँको अनुग्रहबाट हामीलाई पापबाट छुटकारा दिनुभएको उपलक्षमा उत्सव मनाउन आउनुपर्दछ।

पापको दासत्वबाट अब हामीलाई थिचिनु आवश्यक छैन भनेको के हो? अझ समसामयीक जीज्ञासा त, प्रभु येशूको सुसमाचारमा प्रदान गरिइएको पापबाट उद्धार गर्ने प्रतिज्ञाहरूलाई दावी गर्न तपाईंले कसरी सिक्ने? पापबाट स्वतन्त्र बनाउने ती प्रतिज्ञाहरूप्रति प्रतिवद्धता तपाईंले कसरी जनाउने?

## ४. पापबाट चोखो राख्ने सनातनका परमेश्वरलाई सम्झिराख्नु (प्रस्थान ३१:१३)

प्रस्थान ३१:१३मा परमेश्वरको निर्देशन मोसालाई यसरी दिइएको छः "तिमीहरूले इस्रायलीहरूलाई यसो पनि भन्नु, 'तिमीहरूले निश्चय नै मेरा शबाथहरू मान्नु। तिमीहरू र मेरो बीचमा यो एउटा चिन्ह हुनेछ, कि म, परमप्रभु नै तिमीहरूलाई पवित्र गर्दछु भनी तिमीहरूले थाहा पाओ।' बर्तमान परिप्रेक्षमा पनि यसको अर्थ हामीले कसरी बुझ्ने? हामीलाई चोखो तथा पवित्र राख्ने परमेश्वर हुनुभनेको के हो? यो परिवर्तन हाम्रो जीवनमा कसरी अनुभव गर्ने?

शुद्ध तथा पवित्र जीवन यापन, सृष्टी र मुक्ति एक आपसका परिपुरक हुन्। यी तिनैको बीचमा गाढा सम्बन्ध हुन्छ। हुन त सृष्टि सबैको जग हो। (यस बिना न त त्यहाँ मुक्तिको खाँचो नै हुन्छ न त पवित्र जीवन)। तर हाम्रो पापमय अवस्थामा सृष्टिमात्र भएर पुग्दैन। मानिस जन्मेर मात्र पुग्दैन। हामीलाई मुक्ति पनि चाहिन्छ। हाम्रा पापहरूबाट क्षमा पाउने प्रतिज्ञा पनि आवश्यक छ। पापको चङ्गुलबाट

राहतको आवश्यकता छ। नत्र भने अनन्त जीवन वा स्वर्गको आशा बिना हामी मर्नेछौं। हाम्रो जीवन केवल यस क्षणिक भौतिक जीवनमै अलमलिएर बिना मुल्यका साथ अन्त हुन जानेछ।

फेरि मुक्तिबिना चोखो जीवन पनि अलगिन सक्तैनन्। चोखो वा पवित्र जीवन त्यो प्रक्रिया हो जसबाट परमेश्वरको पवित्रता र अनुग्रहमा बिकसित हुँदै जाने अवसर प्राप्त हुन्छ। प्रस्थान ३१:१३मा उल्लेखित "पवित्र गर्दछु" भन्ने "पवित्र" शव्दको जड त्यहि हो जुन प्रस्थान २०:८मा प्रयोग गरिएको छ। त्यस पदमा मानिसहरूले शबाथलाई "पवित्र बनाएर राख्नु" भनेर परमेश्वरले निर्देशन दिनुभएको छ। फेरि त्यहि शव्दको जड प्रस्थान २०:११मा पनि देखा परेको पाउँछौं। त्यसमा परमेश्वरले शबाथ दिनलाई "चोखो" वा "पवित्र" बनाउनुभयो भनेर उल्लेखित छ। (उत्पत्ति २:३ पनि पढ्नुहोस्। यसमा परमेश्वरले सातौं दिनलाई अलग राखेर शुद्ध पार्नुभयो भनेर लेखिएको छ। शबाथका ती सबै सन्दर्भहरूमा उल्लेख गरिएको जड शव्द जिडिएस gds हो, जसको अर्थ "पवित्र वा चोखो" बनाउनु, "पवित्रताको निम्ति अलग राखिनु" वा "धार्मिक पुण्य कामको निम्ति समर्पण गर्नु" हो।

इस्रायलीहरू पवित्र जन हुन परमेश्वरले छुट्याउनु भएको हो। सारा संसारको निम्ति दिप बन्न परमेश्वरले इस्रायलीहरूलाई आह्वान गर्नुभएको थियो। येशूले पनि आफ्ना चेलाहरूलाई संसारभरी सुसमाचार खटाउनुभएको थियो। त्यस सुसमाचारको महत्त्वपूर्ण पुण्य कार्य भनेकै जसले सुसमाचार सुन्दछ त्यसलाई पवित्र, चरित्रवान र नितिवान बनाउनु हो। हाम्रा पापको दोषबाट सफाइ पाउनुमात्र सुसमाचारको उद्देष्य होइन। येशूको सुसमाचारलाई ग्रहण गर्दा हामीलाई पापको दासत्वबाट छुटकारा पाउँछौं भनेर अघिल्लो बुँदामा छलफल गरेका थियौं। येशू ख्रीष्टमा नयाँ व्यक्तित्व भएर जीउने अवसर हुनु नै सुसमाचारको परम उद्देष्य हो। मरेपछि पाउने मुक्ति भनेर त्यसको निम्ति सतप्रयास गर्ने सुसमाचारको निति भएको नभई अहिले नै परमेश्वरले हामीलाई के गर्नुभयो र के गर्न सक्नुहुन्छ भनेर संसारलाई जीवित उदाहरण भएर प्रस्तुत भएर बस्ने सुसमाचारको प्रमूख लक्ष्य हो।

पावलले २ कोरन्थी ५:१७मा भनेका छन्: "यसकारण कोहि ख्रीष्टमा छ भने त्यो नयाँ सृष्टि हो। पुरानो बितिगएको छ, हेर, नयाँ

आएको छ।" यसमा पावलले के भन्न खोजिरहेको छ? सृष्टि, मुक्ति र शबाथका बिषयवस्तुहरूलाई ती पदसँग हामी कसरी गाँस्न सक्दछौं? प्रत्येक शबाथ दिनमा आराधना गर्ने शैलीमा ती बिषयबस्तुहरूलाई हामीले कसरी आत्मसात् गरिराख्ने?

## ५. मुक्तिमा बिश्राम लिइरहनु वा आहतको आभास पाइरहनु (मत्ती ११:२८-३०)

नव जीवन वा नयाँ सृष्टि, पाप मोचन र पवित्र जीवन यापन गर्ने शक्तिः यी सबै हामीले येशूमा पाउँछौं। शबाथको आशिषले गर्दा बिशेष गरेर ती सबै चिन्ह वा प्रतिकको रूपमा खडा भइरहेको हामी पाउँछौं।

पापदेखि थकित भएका, हिनताबोधले लादिएका, कामको भारीले थिचिएका, चिन्तासुर्तामा अलमलिएका र अन्यौलको भुमरीमा हराइरहेका सबैलाई मकहाँ आऊ भनेर येशूले मत्ती ११:२८-३०मा आह्वान गर्नुभएको छ। यो आह्वानको सन्दर्भमा शबाथ दिनको भूमिक हामीले के पाउँछौं?

येशूले मानिसहरूलाई दिने बिश्राममा हाम्रा भावनाहरू, दिमाग र आत्माले पाउने आराम समावेश भएका छन्। बिशेष गरेर भय तथा

त्रासमा परिरहेका, पापमा परेका, अपराधिक मनस्थिति र बेचेन हुनेहरूलाई येशूले बोलाउनु हुन्छ। मानिसलाई चाहिने शारीरिक आराम आधारभूत आवश्यकता हो। तर ती बाहेक हाम्रा दिमाग र आत्मा अर्थात् मनोबेगलाई ठेगाँनामा लगाइ राख्न पनि बिश्रामको आवश्यकता पर्दछ। दैनिक जीवनमा हामी अनेकन् तनाव र बोझ बोकिरहेका हुन्छौं। बाइबलले त्यसलाई नकार्दैनन्। तर परमेश्वरले शबाथलाई बिशेष उद्देष्यको निम्ति रच्नुभएको थियो। यदि साप्ताहिक आराम लियो भने काममा गुणात्मक सुधार हुन्छ भनेर अनेकन् अनुसुन्धानले पत्ता लगाएका छन्। दैनिक जीवनको नियमित कार्यविधिलाई बन्द गर्ने बानीले दिमाग र शरीरको सुधार हुन्छ।

येशूमा बिश्राम पाएको छु भनेर सबैले भन्न सक्दछन्। तर हामी कत्तिको बिश्राम येशूमा पाइरहेका छौं भन्ने यथार्थ प्रमाण शबाथले दिन्छ। येशूले दिनुहुने मुक्तिमा हामी साँच्चिकै अनुभूती पाइरहेकाछौं भनेर देखाउन शबाथ प्रतिकको रूपमा खडा भइरहेको छ।

हाम्रो भावात्मक जीवनलाई उचित रूपमा ठेगानामा राख्न पनि शबाथको ठूलो भूमिका हुन्छ। हामी परमेश्वरको स्वरूपमा सृष्टि भएका हौं भनेर गौरवान्वित हुन पनि शबाथको आत्मज्ञानले सिकाउँदछ। हामीलाई सृष्टि गर्नुभएकैले हामी उहाँका हौं भन्ने कुरा हामीलाई थाहा छ। रतिक्रियाबाट दाम्पत्य जीवन घनिष्ट होस् भनेर परमेश्वरले नै प्रथम बिबाह अदनको बँगैचामा सम्पन्न गर्नुभएको थियो। त्यसरी नै सृष्टिले सृष्टिकर्ता परमेश्वरसँग ठाडो तथा गहिरो सम्बन्ध राखोस् भनेर शबाथ एक उपहारको रूपम हामीलाई दिइएको छ।

पुनर्जीवन तथा पुनःसंरचना येशूको कार्यबाट कसरी हामी सुसम्पन्न हुन्छौं भनेर शबाथमा दिइएको प्रतिज्ञाहरूले देखाउँदछन्। अनन्त जीवनमा पाउने सदा शबाथको बिश्रामको प्रतिक अहिलेको शबाथ पालन हो। यसले हामीलाई भविष्यमा पाउने बिश्रामको आशामा दोऱ्याउँछ। सबै मानिसलाई चाहिने उच्चकोटीको आवश्यकता शबाथले पुऱ्याउँछन् भन्ने कुरा सबभन्दा महत्त्वपूर्ण ज्ञान हो। हामी आफै पुरक छैनौं त्यसकारण कुनै वस्तु वा कसैको उपासना गर्नुपर्छ भन्ने चाहना शबाथको सन्देशले दिँदछ। शबाथ दिनलाई उपासना गर्ने दिन भनेर छुट्याएर परमेश्वरले हाम्रो निम्ति महान् बुद्धि प्रयोग गर्नुभएको छ। उहाँको सम्मान गर्न, स्तुतिप्रशंसा गर्न र हाम्रो जीवनमा उहाँले गरिरहनुभएको कामको सम्मान गर्न हामीलाई बिशेष पवित्र दिन उपहार स्वरूप दिनुभएको छ। (त्यस दिनलाई हामीले के गर्ने हाम्रो उपहार उहाँलाई हो। यो दिन परमेश्वरलाई चाहिने दिन होइन तर हामीलाई चाहिने दिन हो। उहाँको सदाशयताले गर्दा यस दिन छुट्याइएको हो। यदि यस दिनलाई असली रूपमा आत्मसात् गरि पालन नगरी केवल धर्मको लागि मात्र हो भनेर पालन गर्दा काम गरेर मुक्ति पाउँछ भन्ने धारणालाई टेवा दिँदछ। तर याद गर्नहोस्ः शबाथ दिनमा कुनै काम नगर्नु भनेको निर्देशनले कामबाट होइन तर उहाँमा भर पर्दा मुक्तिको अनुभव हुन्छ भनेर देखाउने सबूत प्रमाण शबाथ दिन हो।– अनुबादकको टिप्पणी।

तपाईंले के बोझ बोकिरहनुभएको छ जसबाट बिश्राम पाउन आवश्यकता छ? त्यो बोझलाई परमेश्वरमा कसरी सुम्पन्ने? तपाईंले

गर्ने शबाथको सेवाकार्यको अनुभवले तपाईं साँच्चिकै उहाँमा भर पर्नुभएको हो भनेर सिकाउँदछ?

**उपसंहारः**

यस बिषयमा थप जानकारीको निम्ति सामग्रीः एलेन जी. ह्वाइटद्वारा लिखित *पाट्रियार्क एण्ड प्रोफेटस*को पृ. ४४-५१को "द क्रियशन" र पृ. १११-११६को "द लिटरल विक" र *द डिजायर अभ एजेज* पृ. २८१-२८९को "द शबाथ"।

"इस्रायलीहरूले शबाथदिनलाई पालन गरेर उनीहरू परमेश्वरका उपासक हुन् भन्ने प्रमाण देखाउन उहाँले यस दिनलाई योजनवद्धरूपमा दिइएको थियो। मानव निर्मित मुर्तीपूजासँग अलग राख्न र सत्य परमेश्वरसँग सम्बन्ध गाँसी राख्न उदाहरणको निम्ति शबाथ दिइएको थियो। तर शबाथ दिनलाई पवित्रतासाथ पालन गर्न मानिसहरू पनि पवित्र हुनुपर्दछ। बिश्वास तथा आस्थाद्वारा येशूको धार्मिकता अर्थात् भलाई, पवित्रता र शुद्धतामा सहभागी हुनसक्दछन्।....यस प्रक्रियाले मात्र इस्रायलीहरू जीवित परमेश्वरका सत् उपासक हुने भनेर देखाउन शबाथ अलग गरिएको थियो र यो दिन तिनीहरूको निम्ति स्मारकको रूपा खडा गरिएको थियो।" एलेन जी. ह्वाइट, *द डिजायर अभ एजेज्,* पृ. २८३बाट रूपान्तरित।

"मीश्रदेशको दासत्वबाट इस्रायलीहरूलाई परमेश्वरले स्वतन्त्र गर्नुभएको थियो। अनि उहाँका व्यवस्थाको पछि लाग्न उनीहरूलाई खटाउनुभएको थियो। शबाथको पालन गरेर तिनीहरू मुर्तीपूजकहरूबाट अलग हुनुपर्छ भनेर परमेश्वरले तिनीहरूलाई सिकाउनुभएको थियो।....परमेश्वरको प्रभुत्वलाई स्विकार गर्ने र उहाँ सृष्टिकर्ता र जगतका स्वामी हुन् भनेर स्विकार नगर्ने समूहको बीचमा शबाथ एक रेखा भएर धरोहरको रूपमा खडा भइरहेका छन्।"- एलेन जी. ह्वाइट, *टेस्टिमोनिज फर द चर्च,* ठेली ६, पृ. ३४९बाट रूपान्तरित।

**चिन्तनमननः-**

क. सृष्टिको बारेमा धेरै गलत धारणाहरूबाट जोग्न शबाथलाई सत्य रूपमा पालन गर्नुपर्छ भन्ने दिक्षालाई गहिरिएर सोच्नुहोस्। अन्तिम समयमा सैतानलाई पूजा गर्ने र

सृष्टिकर्ता परमेश्वरलाई पूजा गर्ने मानिसहरूको बीचमा के भिन्नता छ भन्ने कुरालाई उदाहरणस्वरूप बिचार गर्नुहोस् (प्रकाश १४ पढ्नुहोस्)। येशूले बिकासबादको निति अपनाएर हामीलाई सृष्टि गरिएको हो भनेर अन्तिम समयका मानिसहरूले सिकाएको गलत धारणाले हाम्रो सुरुवातको शिक्षालाई कसरी तहस नहस पार्न सक्दछ, सोच्नुहोस्। यसले हाम्रो मूल्य मान्यतालाई कसरी असर पार्दछ?

ख. शबाथको जीज्ञासाबारे फेरि चिन्तन गर्नुहोस्। तपाईंको चर्चले शबाथ दिनमा कसरी आराधना गर्दछ? के तपाईंको चर्चले गर्ने आराधना शैलीमा सृष्टिकर्ता, मुक्तिदाता र पवित्र पार्ने परमेश्वरको महिमा गर्दछ र? यदि छैन भने तपाईंको चर्चमा गर्ने आराधनाको केन्द्रबिन्दु के हो? हाम्रो उपासना गर्ने शैलीमा परमेश्वरलाई केन्द्रबिन्दु बनाउन हामीले कसरी सिक्ने?

ग. परमेश्वरले गर्नुभएको सृष्टिमा बिश्वास गर्नु हामीहरूका दिक्षाहरूको महत्त्वपूर्ण दिक्षा हो। परमेश्वर नै सृष्टिकर्ता हुन् भन्ने कुरालाई यदि हामीले बिश्वास गरेनौं भने हामी सेभेन्थ-डे एडभेन्टिस्टले गर्ने सबै शिक्षादिक्षा अर्थहिन हुन्छ भन्ने कुरालाई के तपाईंले सकार्नुहुन्छ? साँच्चिकै परमेश्वर सृष्टिकर्ता हुनुहुन्छ भन्ने बिश्वास नै हाम्रा सबै बिश्वासका आधार हुन्। प्रारम्भिक सृष्टिको अत्यन्त सबुद प्रमाण शबाथ हो। यी तथ्यहरूलाई जानकारीले शबाथको उपयोगितालाई हामीलाई कसरी देखाउँदछ? अन्तिम समयमा शबाथको कुरालाई नै सैतानले अस्त्रको रूपमा प्रयोग गरेर हामीलाई परमेश्वरबाट बिचलित गराउन सक्दछन्। त्यसकारण शबाथको ज्ञानलाई बुझेर त्यस अस्त्रबाट हामी कसरी जोगिने?